**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# राजोपाध्याय समुदायले मनाउने प्रमुख चाडपर्व

**श्रीलोचन राजोपाध्याय**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Shreelochan Rajopadhyaya Email: shreelochan2070@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.79997*

**लेखको सार**

*काठमाडौं उपत्यकाको दरवार क्षेत्र परिसर भित्र राजोपाध्यायहरूको मुख्य बसोबास स्थल हो । नेवार समुदायसग हुलमेल भएका कारण उनीहरूले संस्कार, जात्रा, पर्व र उत्सव मनाउने गर्छन् । उनीहरूले चन्द्र र सौयमान अनुसार आउने जात्राहरूलाई प्राथमिकताका साथ मनाउने गरेका छन् । दशै, तिहार, योमरी पुन्ही, नृर्सिह जात्रा, पाँहाचह्रे, विस्केट जात्रा, रातो मच्छिन्द्रनाथ र जनैपूर्णिमा मुख्य हुन् । मध्यकालका चाडपर्व र उत्सवलाई वर्तमान समाजले पछ्याइरहेको छ । काठमाडौं उपत्यकाका चाडपर्व र जात्रा धर्म, देवदेवितासँग जोडिएका छन् । खेतिपाती, मौसम परिवर्तन, मृत आत्मा वा ऐतिहासिक घटनासँग जोडिएर चाडपर्व र जात्रा मनाइन्छ । कुनै चाडपर्व भुतप्रेत र पिशाच भगाउने, रोगव्याधीले छुन नपाउनु भन्ने उद्देश्यले पनि मनाएको देखिन्छ । समाज र जातिगत अध्ययन अनुसन्धान विधिको आधारमा संस्कृतिको अध्ययन गुणात्मक विधि अन्तर्गत पर्दछ । यस अनुसन्धान आलेखमा गुणात्मक अनुसन्धान विधि अललम्बन गरिएको छ । यो अनुसन्धानमा नमूना छनोट गर्दा उद्देश्यमुलक नमूना छनोट गरिएको छ । जसमा अन्तर्वार्ता र प्रत्येक्ष अवलोकन गरिएको छ ।*

**शब्दकुञ्जी :** चाड, पर्व, उत्सव, मोहनी, कुमार षष्ठी

## परिचय

इतिहास, सभ्यता र संस्कृतिसँग चाड पर्व, मेला, उत्सवले नेपाली समाजलाई नजिकता पुऱ्याउँछ । चाडपर्वले प्राचीन घटना, धार्मिक वा सामाजिक कथासँग समन्वयन गरेको देखिन्छ । हाम्रो समाजको यथार्थ चित्रण गर्ने मुख्य आधार नै चाडपर्व र जात्राउत्वस हुन् । यसलाई अमूर्त सम्पदा भनिन्छ । अमूर्त सम्पदामा

विगतदेखि वर्तमानसम्म मानवहरूको क्रियाकलाप समेटिएको हुन्छ । काठमाडौं उपत्यका भित्र चाडपर्वको विकास लिच्छविकालमै भइसकेको थियो । लिच्छवि अभिलेखमा मण्डीपीजात्रा, कैलाशजात्रा, द्वारोद्‌घाट जात्रा, वराहजात्रा, पशुपतिमा छाता चढाउने उल्लेख छन् । लिच्छविकालका जात्रा धार्मिक प्रकृतिको थियो । मध्यकालमा तन्त्र विचारधाराको प्रभाव रह्यो । तत्कालिन देवदेवीका मूर्तिहरू, मनाइने जात्रापर्व र पूजाविधीमा तन्त्रको प्रभाव थियो (कायस्थ, २०७९, पृ.७) ।

मध्यकालका चाडपर्व र उत्सवलाई वर्तमान समाजले पछ्याइरहेको छ । काठमाडौं उपत्यकाका चाडपर्व र जात्रा धर्म, देवदेवितासँग जोडिएका छन् । खेतिपाती, मौसम परिवर्तन, मृत आत्मा वा ऐतिहासिक घटनासँग जोडिएर चाडपर्व र जात्रा मनाइन्छ । कुनै चाडपर्व भुतप्रेत र पिशाच भगाउने, रोगव्याधीले छुन नपाउनु भन्ने उद्देश्यले पनि मनाएको देखिन्छ ।

चार्डपर्वले कुनै पनि स्थानको मानिसहरूको धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, आर्थिक स्थितिको परिचय मात्र नभएर मनोरञ्जनता प्रदान गरेको हुन्छ । नेवार समाजमा चाडपर्वलाई 'नखःचखः भनिन्छ । नखः को अर्थ चाड र चखः भनेको पर्व (श्रेष्ठ, ने.सं ११२१, पृ.९५) । यिनै विभिन्न जात्रा, पर्व, उत्सवहरूलाई काठमाडौं उपत्यकाका दरवार स्क्वायर परिसर भित्र बसोबास गर्ने राजोपाध्यायले पनि मनाउदै आईरहेका छन । उनीहरूले वर्ष भरी मनाइने मुख्य चाडपर्व र उत्सव यस्तो छ ।

**अनुसन्धान विधि**

अनुसन्धानका स्वरूपका दृष्टीले यो अध्ययन कार्य अन्वेषणात्मक प्रकृतिको एक गुणात्मक हो । विषय वस्तुको दृष्टीले यो इन्थ्नोग्राफी अध्ययन हो । यस किसिमको अध्ययन गर्न तथ्यहरू पनि गुणात्मक विशेषता आवश्यकता पर्छ । यसै पक्षालाई मुख्य आधार मानेर आवश्यक तथ्यहरू प्राथमिक र द्वितीय स्रोतहरूबाट संकलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत स्थलगत अध्ययन, ऐतिहासिक दस्तावेज समावेश गरिएको छ । राजोपाध्यायहरूले मनाउने जात्रापर्व र उत्सव सम्वन्धि क्षेत्रको जानकारसँग अन्तवार्ताबाट संकलन गरिएको छ । यसबाहेक अनुसन्धान आलेखका लागि द्वितियक स्रोतका रूपमा प्रकासित विभिन्न पुस्तक, पत्रपत्रिकामा प्रकासित लेख रचना, आख्यान एवै किवदन्तीहरू तथ्यांक संकलन गरिएको छ ।

प्रस्तुत लेख मुख्य गरी प्राथमिक र द्वितीयक स्रोतको आधारमै तयार पारिएको छ । अनुसन्धानत्मक आलेखमा काठमाडौं उपत्यका भित्रको दरवार परिसरमा रहेका राजोपाध्याय समुदायले वर्ष भरी मनाइने जात्रा, उत्सव र पर्वलाई वढी जोड दिइएको छ । यसकारण यसको मुल स्रोत नै स्थगल भ्रमण र अध्ययन गर्नु रहेको छ । यस अध्ययनमा विशेष गरी अमूर्त संस्कृतिको विश्लेषण गरिएको छ । राजोपाध्यायहरूले वर्ष भरी मनाइने जात्रा, उत्सव र पर्वहरू त्यति धेरै पुस्तकहरूमा उल्लेख नभए कारण यस अध्ययनमा स्थलगत भ्रमण तथा अन्तर्वार्तालाई मुख्य आधार बनाएर तथ्यांक संकलन भएको छ । प्राप्त सवै किसिमका तथ्यांकहरूलाई सम्पादन र निरीक्षण गरी वर्णात्मक विधिबाट अनुसन्धानात्मक आलेख विश्लेषण गरिएको छ । द्वितियक स्रोतबाट प्राप्त तथ्यहरूलाई शोध विधिबाट नियम अनुसार उद्धरण गरिएको छ । नियम

अनुसारै सन्दर्भ सामग्रीको सूचिसमेत प्रस्तुत गरिएको छ । यसरी यस अनुसन्धानत्मक आलेख वैज्ञानिक विधि अनुसार तयार पारिएको छ ।

**मुख्य प्राप्ति**

काठमाडौं उपत्यकाको दरवार परिसर केन्द्रित रहेर बसोबास गर्ने राजोपाध्याय समुदायले चन्द्रमास अनुसार वर्ष भरी आउने विभिन्न जात्रा, पर्व र उत्सवहरू मनाउने गर्दछ । यस समुदायले विभिन्न कालमा विकास भएको जात्रा, चाड, पर्व र उत्सवहरूलाई निरन्तरता दिएको देखिन्छ । नेवार समाजसँग जोडिएको राजोपाध्यायहरूले मनाउने कतिपय चाडपर्व आफ्नै मौलिकताले भरिएको छ । यद्यपि, त्यस्ता चाडपर्व मनाउने क्रममा फरक स्वरूप देखिए पनि प्रतिकात्मक रूप एकै हो । अनुसन्धानको क्रममा राजोपाध्याय समुदायले वार्षिक जात्रा, चाड, पर्व र उत्सवहरू यसरी मनाएको देखिन्छ ।

**सिठी नखः (कुमार षष्ठी) :**

जेष्ठकृष्ण षष्ठीको दिनलाई कुमार षष्ठी वा सिठी नखः भनिन्छ । शिवपुराण अनुसार शिव र पार्वतीको कोखबाट कुमार कार्त्तिकेयको जन्म यसै दिनमा भएको हो । यो दिनलाई ‘कुमार षष्ठी’ भनिन्छ । षष्ठी भनेको कात्यायनीको रूपमा दूर्गाको विशेषण हो । कुमार कार्तिकेलाई कात्यायनीकौ छोरा पनि भनिन्छ । षष्ठी गंगा (सिन्धु नदी) हो । षष्ठीलाई स्त्री लिंगवाची शब्द पनि जनाउँछ । त्यसैले सिठी नखः वा कुमार षष्ठीको दिन गंगासँग सम्वन्धित इनार, कुवाआदिको सरसफाइ हुन्छ (वज्राचार्य, ने.सं. ११२०, पृ.१५) । नेवार समाजमा कुमार षष्ठीको दिनमा मात्र इनार र कुवाआदि सरसफाइ गर्न मिल्छ । यसबाहेक अन्य दिनमा सरसफाइ गर्न मिल्दैन । यसै कारण कुमार षष्ठीको दिनमात्र इनारआदि सफाइ गर्ने चलन छ ।

नेवार समुदायले मनाउने चाडपर्व मध्ये सिठी नखः एक महत्त्वपूर्ण नखः हो । मानव सभ्यतासँग जोडिएको एवं प्राचीन संस्कृति रहन-सहन, खानपिनसँग सम्वन्ध रहेको पर्व हो । अन्नको राजा सृष्टीका जेष्ठ र अमृत बराबर जौको सातु बनाइन्छ । यस दिन ६ किसिमको वारा, त्यही बराबरको तरकारी राखेर कुमारको पूजा हुन्छ । कुमार कार्त्तिकेयका ६ वटा टाउको भएकाले ६ थरिका खाद्यन्नसँगै वाराआदि चढाउने गरिएको हो । मास, मुगी, केराउ, छाटाको वार र चतामरी पकाएर खाने पर्वको रूपमा यस दिनलाई लिइन्छ । वैज्ञानिक तर्कअनुसार किटाणु र रोगसँग लड्न सक्ने क्षमता शरीरमा आवश्यकता पर्छ । यसमा मुख्यगरी प्रोटिन, आइरन र कार्वोहाइड्रेड तत्व मिसिएको अन्न खानुपर्छ । यी सवै शक्ति बढाउने तत्व वारा र चतामरीमा पाइन्छ (कायस्थ, २०७९, पृ.४३) । सिठी नखःको दिन पकाएको अन्न घर अगाडि पिखालखुमा पनि राखिन्छ ।

पिखालुख भन्नाले गंगा वा क्षेत्रपाललाई जनाउँछ । नेवार समाजमा कुमार र गणेशको विशेष स्थान छ । काम राम्रोसँग गर्न त्यसमा कुनै विध्न नओस भनी गणेशलाई पूजा गर्नुपर्छ । आफूले गर्ने पूजा राम्रोसँग सम्पन्न होस् भनी घर बाहिर पिखालखुमा कुमार पूजा गरिन्छ । मुलढोकाको अगाडि नै कुमारको वासस्थान रहेको मान्यता रहेको छ । नेवार समाजमा हिन्दू बौद्धमार्गीले क्षेत्रपालका रूपमा लिन्छन् (वज्राचार्य, ने.सं

११२०, पृ.१५) । सिठी नख:लाई छोरीवेटीको चाडपर्व पनि भनिन्छ । काठमाडौं उपत्यका भित्र रहेका राजोपाध्याय मध्ये काठमाडौंको मखन खलक परिवारमा वारा पकाउनु नहुने चलन छ

**घण्टाकर्ण (गठेमंगल वा गथामुग) :**

नेवार समाज भित्र मनाउने अर्को महत्त्वपूर्ण पर्व घण्टाकर्ण (गठेमंगल वा गथामुग)˙ हो । श्रावणकृष्ण चर्तुदशीको दिनलाई गथामुग च:ह्रे भनिन्छ । स्थान विशेष अनुसार उच्चारण भएको पाइन्छ । गथांमुग, गथामग, गथामुग:आदि नामले प्रचलित छ । सामान्यत नेपालीमा गथामुगलाई घण्टाकर्ण रूपले नै बुझिन्छ । जयस्थिति मल्लको समयमा लेखिएको गोपाल राजवंशावलीमा गठेमंगल (गथामुग) को चर्चा छ । यो पर्व १३औँ शताब्दीदेखि चलेको देखिन्छ (वज्राचार्य, २०२५, पृठ.३) । यस दिन घण्टाकर्णको प्रतिक रूपमा धारणा गर्ने व्यक्तिको राक्षसको चित्रण गरिएको हुन्छ । काठमाडौं उपत्यका भित्र चोक/चोकमा घण्टासुरको प्रतिमूर्ति ठ्डयाउने परम्परा छ । भर्खर छिप्पिन लागेका हरियो नरवट वोटहरूलाई मुठ्ठा बाँधेर तीन खुट्टा गरी नग्न कलाको रूपमा ठ्डयाइन्छ (जोशी, २०३९, पृ.९०-९१) ।

घण्टाकर्णलाई रोग व्याधि र भूतको रूपमा मानेर पूजा गरी सहर बाहिर पठाउनुले शरीरमा रोग नलाग्ने विश्वासका कारण पूजासमेत गरिन्छ । नेवार समुदाय बाहेक अन्यले यस दिनमा लुटो फाल्ने दिनको रूपमा लिने गर्छन् । घरमा सवै सदस्यहरू भित्र आईसकेपछि मूल ढोका र कोठाका ढोकाहरूमा राक्षस प्रवेश गर्न नदिन फलामको किला ठोक्ने चलन छ । गठेमंगल, गथामुग: वा घण्टाकर्णलाई त्रिपद संवर भैरव पनि भनिन्छ । त्रिपद वर भैरवको यो प्रतिक हो । यस भैरवमा सत्व, रज र तम गुण समावेश हुन्छ ( वज्राचार्य, ने.सं ११२०, पृ.३५) ।

पहिला राजोपाध्याय समुदायभित्र यस दिनमा एउटा पूजा गर्ने परम्परा थियो । नवविवाहित वर तथा वधुको नाममा घण्टाकर्णको दिनमा झले (पूतली) बनाएर आगन वा घरमा पूजा हुन्थ्यो । श्रावणशुक्ल त्रयोदशीको दिनमा पूजा गरी पूर्णिमाको दिनसम्म राखिन्थ्यो । पूर्णिमाकै दिनमा नदीमा झलेको विर्सजनसमेत गरिन्थ्यो । गोलपालराजवंशावलीको पत्र संख्या ६१ मा झलेको उल्लेख भएको छ (वज्राचार्य र मल्ल, सन् १९८५, पृ.११७) । झले पूजा गर्नुको अभिप्राय भनेको नवविवाहित दम्पतीमा शान्ति रहनु, विध्ननाश, सन्तान प्राप्तका निमित्त पनि गर्नु हो । यो परम्परा हाल पूर्ण रूपमा लोप भईसकेको छ । घण्टाकर्णको दिन काठमाडौंका राजोपाध्यायहरूले घरमा किला ठोक्छन् तर पाटन र भक्तपुरमा यो चलन छैन ।

**गणेश चौथी (चथा:) :**

गणेश भगवानलाई शुभ कार्यको प्रतिक रूपमा लिने गरिन्छ । नेवार समाजभित्र राम्रो वा नराम्रो संस्कार काम गर्नु अगाडि गणेशको पूजा हुन्छ । गणेशको मूर्ति नभएको खण्डमा सुकुन्दामा रहेको गणेशलाई नै मूर्ति मानेर पूजा गर्ने चलन छ (Shakya, 2006. p.43) । पाञ्चायन देवता मध्ये गणेश पनि पर्छन् । पाञ्चायनमा पाँच किसिमको पाँच किसिमको देवतामा विष्णु, शिव, गणेश, सूर्य र देवी हुन् । बौद्ध धर्मबलम्बीहरूले आफ्नो दृष्ट्रीकोणमा तान्त्रिक देवता विध्नान्तकको रूपमा लिने गरेको पाइन्छ (जोशी,

२०३९, पृ.१०८) । भाद्रशुक्ल चतुर्थीको दिनको रातिलाई नेवार समाजमा चथाः का रूपमा लिने गरिन्छ । चथाः को प्रतिकात्मक सन्देश नजिकिँदो दशै हो । चथाः पूजाले दशैको आगमन सुरु भएको जनाउँछ । चथाः राम्रो हुँदा दशै पनि रमाइलो हुने गर्छ (कायस्थ, २०७९, पृ.७२) । यस दिन आगन देवता, कूल देवता, र चन्द्रमाको राति पूजा हुन्छ । पूजाको अवसरमा चथाः स्वा भनेर (करवीर), मोहनी स्वाः (दशै) र लक्ष्मी स्वाः (लक्ष्मी) पूजामा चाहिने फूल आवश्यक पर्छ । कायस्थका अनुसार चथाः द्यः (चथाःको देवता) लाई रातमा मात्र पूजा गरिने हुँदा यसलाई खुः द्यः भनिन्छ । नेपाल भाषामा खुः भनेको चोर र द्यः भनेको देवता हो । यस दिन रातमा गणेश पूजापछि चन्द्रमा हेर्न नहुने परम्परा छ । कसैले झुकेर रात चन्द्रमाको दर्शन गरेको अवस्थामा चोर दोष लाग्ने विश्वास छ (वज्राचार्य, २०७६, पृ.४८) ।

**जनै पूर्णिमा :**

श्रावण शुक्ल पूर्णिमाको दिन मनाउने पर्व जनै पूर्णिमा हो । यस दिन ब्राह्मण र क्षेत्रीहरूले नयाँ जनै (यज्ञोपवित) धारणा गर्दछन् । ब्राह्मण र क्षेत्रीहरूले मन्त्रोउच्चारण गरी पवित्र जनै धारणा गर्ने हुनाले यसलाई जनै पूर्णिमा भनिएको हो (पौड्याल र अन्य, २०७४, पृ.२९) । जनै पूर्णिमालाई नेवार समुदायमा 'गुँपुन्ही' भनिछ । नेपाल संवत क्यालेन्डर अनुसार जनै पूर्णिमा नवौँ महिना हो । नेपाल भाषामा 'गु' भनेको अक्षरको ९ अंक हो । पुन्ही भनेको पूर्णिमा हो । यस दिनलाई 'गुंला महिनाको पुर्णिमा पनि भनिन्छ । मुंग, मास, भटमास, सानो केराउ, मस्याङ, चना, सिमी, बोडी र बकुल्लो गरी नौ थरिका गेडागुडी मिसाइएर क्वाटी खाने चलन छ । नेपाल भाषामा 'क्वाः' भनेको तातो परिकार र 'टी' भनेको झोल हो । काठमाडौं उपत्यका भित्र रहेका राजोपाध्यायहरूले यस दिन उपाकर्मको कर्म काण्ड गर्छन् ।

पुरुष ब्राह्मणले नयाँ यज्ञपवीत लगाउने गर्छन् । पूर्णिमा दिनमा ग्रहण लागे वा संक्रान्ति हुँदा नागपञ्चमीको दिन उपाकर्मको कर्मकाण्ड गर्ने चलन छ । काठमाडौं, भक्तपुर र ललितपुरका राजोपाध्यायहरूको आआफ्नो उपकर्म गुठी छन् । गुठीमा आवद्ध भएका राजोपाध्यायले नदीमा स्थान गरी जनै (यज्ञोपवित) फेर्ने गर्छन् । काठमाडौमा शोभा भगवती, ललितपुरमा शंखमुल तथा भक्तपुरका राजोपाध्याय ब्राह्मणले हनुमानघाटमा स्नान गर्दछन् । राजोपाध्याय ब्राह्मणहरूले विधि अनुसार कुशले ऋषिहरूलाई तर्पण पछि वैदिक पद्धतिबाट मन्त्रिएको नयाँ जनै फेर्छन् । स्नान गर्न, जनाई फेर्न पंचगव्य लिनु पर्छ । उपकर्म गुठी पालो चलाउने व्यक्तिको घरबाट गुपुचः ल्याउनु पर्छ । भक्तपुरको षट्कूलीय राजोपाध्याय ब्राह्मणले हनुमानघाटमा नागपूजा गर्नु पर्दछ । उपाकर्म गुठीका थकाली (जेष्ठ) ले होम गर्छन । भक्तपुरकै एक हाँगाको रूपमा काठमाडौंको न्हैन्कतला (दवुछें) परिवारले जनाई पूर्णिमाको अघिल्लो दिनमा श्रावणीकर्म गर्दै आइरहेकोछ । श्रावणी कर्म गरेका राजोपाध्याय ब्राह्मणहरूले यस दिन क्वाँन्टी खाँदैनन् ।

**गाईजात्रा :**

भाद्रकृष्ण प्रतिपदाको दिनलाई गाईजात्रा भनिन्छ । यो काठमाडौं उपत्यका भित्र गाइजात्रा मनाइन्छ । घर परिवारका एक सदस्यको निधन भएमा उसको आत्माको शान्तिको कामनासहित प्रतिकात्मक

अभिव्यक्ति दिन गाइजात्रा निकालिन्छ । गाइ वा गाई प्रतिक मानेर सा-साना बालबालिकलाई गाई बनाएर नगर परिक्रमा गर्ने चलन छ (जोशी, २०३९, पृ.९९) । धर्मशास्त्रमा उल्लेख भए अनुसार गाई जात्राको परिपालन विधि अनुसार भएमा मृतक व्यक्तिले गाईको पुच्छर समातेर वैतरणी नदी पार गरी मोक्ष प्राप्त गर्दछन् । जनश्रुती अनुसार ती मृतक व्यक्ति वैतरणी नदी पार गर्नु भनेको नर्कलाई त्यागेर स्वर्णमा जानु हो । प्रत्येक भाद्रकृष्ण प्रतिपदाको दिनमा नेवारहरूले आफन्तको सम्झनामा गाई जात्रा निकाल्ने गरिएको हो ( कायस्थ, २०७९, पृ.७६) ।

यस दिन यमलोक (नर्क) का राजा यमराजले एक दिनका लागि स्वर्णको ढोका खोल्छन् । घर परिवारका आफन्तलाई स्वर्गमा वास दिलाउन गाई जात्रा निकालिएको हो । यो जात्रा मध्यकाल आएर पूर्ण रूपमा विकास भएको हो । काठमाडौंका राजा प्रताप मल्लका छोरा चक्रवतेन्द्र मल्लको निधन हुँदा आफ्नी रानीलाई पुत्र वियोगबाट छुटकारा दिलाउन गाई जात्रा निकालेको भन्ने गरेका छन् । राजा प्रताप मल्लले आफ्ना सवै प्रजाहरूलाई आआफ्नो परिजनको आत्मशान्ति दर्शाउन हनुमान ढोका दरवार अगाडि उपस्थित हुन निर्देशन दिएका थिए । काठमाडौं उपत्यकामा जयस्थिति मल्लको समयदेखि नै गाईजात्रा मनाउने चलन सुरु भएको हो (जोशी, २०३९, पृ.१०१) । गोपाल राजवंशवलीमा गाई जात्राको उल्लेख छ । जयस्थिति मल्लको पालामा रचिएको यस वंशावलीमा गाई जात्रालाई 'सायात' भनिएको छ । नेपाल भाषामा 'सा' भनेको गाई र यात को अर्थ जात्रा हो (वज्राचार्य र मल्ल, सन् १९८५, पृ.१६१) । डिल्लीरमण रेग्मीको मेडिएभवल नेपालको तेस्रो भागमा ने.सं ७८५ र ने.सं ८५८ मा गाई जात्रा मनाएको उल्लेख छ (Regmi,1966. p.102) ।

काठमाडौं उपत्यकाको दरवार स्क्वायर परिसर केन्द्रित राजोपाध्यायहरूले गाई जात्रामा आफन्तको सम्झनामा गाई पठाउने गर्छन् । पाटन र काठमाडौंमा आफन्तको स्मृतिमा भाग मात्र बाड्ने चलन छ । काठमाडौंमा गाईको प्रतिकमा गाई पठाउनु पर्ने चलन छैन । भक्तपुरका राजोपाध्यायहरूले काठमाडौं र ललितपुरको दाँजोमा फरक रूपमा मनाउँछन् । भक्तपुरको विशेषता 'ताहासाँ' को साथ प्रदर्शन गरिने 'घिन्ताङघिसी' नाच हो । ताहासाँ एक किसिमको प्रतिकात्मक गाईको प्रतिक हो । यो पनि होचो र अग्लो गरी दुई किसिमका हुन्छन् । होचोले सा-साना बालबच्चा र अग्लोले जवान वा बृद्धको मृत्यु भएको संकेत गर्छ (कायस्थ, २०७९, पृ.८४) ।

**नृसिंह (उपाकल साया:) जात्रा :**

जैन पूर्णिमामा ललितपुरको उपकर्म गुठी चलाउने पालो फेरिन्छ । पालो लिनेले अर्को बर्षको भाद्रकृष्ण पञ्चमीको दिन नृसिंह जात्रा (उपाकल साया:) चलाउनु पर्छ । ललितपुरका राजोपाध्याय ब्राम्हणहरूले आफ्नो उपाकर्म अन्तर्गत नृसिंह जात्रा चलाउँछन । हरेक वर्ष हुने नृसिंह जात्रामा पालोवालाको घरबाट अप्सरागणको साथमा नृसिंह निकालेर ललितपुरको साया: क्षेत्रमा परिक्रमा गराउने गरिन्छ । स्थानीय भाषामा उपाकलं साया: पनि भनिने गरिन्छ । पालो चलाउने व्यक्तिको ठूलो ज्वाई नृसिंह बन्छन् । परिवारको

नजिकका सदस्यहरूलाई लक्ष्मी, सरस्वती र प्रह्लाद बन्ने गर्छन् । नृसिंह जात्रा ललितपुर सहरका सवै भागमा परिक्रमा हुन्छ । नृसिंह दैत्यको प्रतिक कपडाको पुतलीलाई घिसारेर नगर परिक्रमा गराइन्छ (श्रेष्ठ, ने.सं ११२३, पृ, ९८) । नृसिंहको दायाँ लक्ष्मी र बायाँ सरस्वती हुन्छ । सरस्वती, लक्ष्मी र प्रह्लाद खाली खुट्टामै हिड्नु पर्छ । उपकर्म पाला चलाइरहेका व्यक्तिले पाटन दरवार भित्रको सुन्दरी चोकमा मल्ल राजालाई जात्रालाई सहभागी हुन गुरु पूर्णिमामा निमन्त्रण दिनेचलन छ । यसलाई नेपाल भाषामा 'स्वां तः वनेगु' भनिन्छ । यो जात्रा वि.सं १६८८ देखि सिद्धिनरसिंह मल्लले चलाएका थिए (श्रेष्ठ, २०७६, पृ.७१) ।

मल्ल राजालाई आउँदो जनै पुर्णिमाका दिनमा श्रावणी कर्ममा सहभागीता र नृसिंह जात्रा (उपाकलं साया:) को निमन्त्रणाको रूपमा यस 'स्वां त: वनेगु' परम्पराका रूपमा लिने गरिन्छ । सिद्धिनरसिंह मल्लले प्रयोग गरेको ढुंगामाथि राजालाई पुष्पार्पण स्वरूप फुल गुच्छाको साथमा सुपारी, जनै, पैसा र फलफुल सुन्दरीचोकमा अवस्थित ढुंगाको खाटमा राखिएको छ । गुठीका सदस्यहरूमा ज्येष्ठताको आधारमा जात्राको पालो दिने गरिन्छ । ललितपुरको षटकुल अर्थात ६ वटा कुलका देव ब्राम्हणका प्रतिनिधिहरू सुन्दरी चोकमा भेला भइ स्वस्तिवाचनसमेत हुन्छ । जात्राकै दिनमा ललितपुरका राजोपाध्यायहरूले परिवारजनको स्मृतिमा नृसिंहलाई फुलफुलआदि दिने गरिन्छ ।

**इन्द्रजात्रा :**

नेपालको प्रचलित जात्रामध्ये इन्द्रजात्रा एक प्रमुख हो । भाद्र शुक्लपक्ष द्वादशीको दिन इन्द्रध्वजोत्थानसँगै यो जात्रा काठमाडौं उपत्यका भित्र सुरु हुन्छ । आठ दिनसम्म चल्ने इन्द्रजात्रा आश्विनकृष्ण चौथीको दिन इन्द्रध्वज विर्सजनपछि सकिन्छ । किंवदन्तीअनुसार देवराज इन्द्र र उनकी आमासँग गाँसेर उपत्यकामा परापूर्वकालदेखि नै इन्द्रजात्रा मनाइने विश्वास छ । इन्द्रजात्राको ऐतिहासिकता सम्वन्धमा शिवदेव-अंशुवर्माको समयसम्म पुग्न सकिन्छ । लेलेको शिवदेव र अंशुवर्माको संवत् ५२६ को अभिलेखको १५औँ पंक्तिमा *इन्द्र गोष्ठी*का गुठियारलाई चार मानिका र *ध्वज गोष्ठी*का गुठियारलाई १७ मानिका दिन भनि उल्लेख छ (वजाचार्य, २०३०, पृ.२८२) ।

लेलेको अभिलेखमा उल्लेख भएको अनुसार इन्द्र र ध्वज शब्द जात्रासँग सम्वन्धि रहेको देखिन्छ । यसैगरी, हाडीगाउँको संवत् ३० को अभिलेखमा 'ध्वज' को प्रयोगले यो जात्रा लिच्छविकालमै सुरु भएको मद्दत मिल्छ । गोपालराज वंशावलीको पृष्ठ ८३ को २७ पत्रमा ने.सं ४१४ को वैशाख महिनामा युवराजिनी श्रीविरमदेवीकी छोरा श्रीजयशक्तिदेवले 'इन्द्रकुट ध्वज आरोहण' गरेको उल्लेख छ (वज्राचार्य र मल्ल, सन् १९८५, पृ.८३) । भाद्रशुक्ल द्वादशी दिनमा उभ्याइने लिंगो काभ्रे पलाञ्चोक जिल्लाको नालाको यो सिं गुँ (नेपाल भाषामा *योसिं*लाई लिङ्गो र *गुँ*को अर्थ वन) नामको सल्लाधारी वनबाट ल्याउने चलन यथावत् रहेको छ । यो २२ हाते, ३२ हाते वा ४२ हाते हुनुपर्छ । ४२ हातको लिङ्गो निकै सुभ मानिन्छ (जोशी, २०३९, पृ.६) ।

शाह राजा प्रतापसिंहले इन्द्रजात्रामा काल भैरव अगाडि ध्वजोत्थान गर्ने परम्परा चलाएका हुन् ( वज्राचार्य, २०२५, पृ.५२) । इन्द्रजात्राको अवसरमा दागि, बौ मत, लाखे, महांकाल नाच, पुलिकिसी, दश अवतार र सवा भकुलाई राँगो दिने जस्ता कार्य हुन्छन् । इन्द्रजात्रामा सवा, भकु र भैरव गरी तीन देवी-देवताको प्रतीकका रूपमा हनुमानढोका क्षेत्रमा ल्याउने र नाच देखाउने प्रचलन कान्तिपुरका मल्ल राजा प्रताप मल्ल देखि हो। लिङ्गो उठाएको दिन अर्थात भाद्रशुक्ल द्वादशीको साँझ हिन्दू तथा बौद्ध धर्मबलम्बीहरू उपाकु जाने गर्छन् । यसलाई नेपाल भाषामा '*उपाकु चाउलेगें*' भनिन्छ । उपत्यकाका तीन वटै सहरका राजोपाध्यायहरूले आफन्तको नाममा उपाकु जाने गर्छन् ।

भाद्रशुक्ल चर्तुदशीको दिनमा कुमारी रथलाई कोनें (माथिल्लो क्षेत्र) मा तानिन्छ । रथ यात्राको पहिलो दिन बसन्पुरबाट चिकमुल, लगन, ब्रम्हटोल, कोहिंटी, भिमसेनस्थान हुँदै बसन्तपुरै कुमारी रथ तानिन्छ । भाद्रशुक्ल पूर्णिमा (येंया पुन्हि) को दिन कुमारीको रथ थने (तल्लो क्षेत्र) बसन्तपुर, टेंगल, न्ह्योखा, असन, जनवहाल, इन्द्रचोक, मखन, हनुमानढोका हुँदै पुन: वसन्तपुरको कुमारी घर अगाडि तान्ने चलन छ । आश्विनकृष्ण चौथीको दिनमा इन्द्रध्वज ढालेपछि इन्द्रजात्रा पनि सम्पन्न हुन्छ । इन्द्रजात्राको अन्तिम दिनलाई नानिचा या: भनिन्छ । यसदिन कुमारी, गणेश र भैरवका रथ किलागल हुँदै वसन्तपुरमा समाप्त हुन्छ । जंगबहादुर राणाले किलागलमा आफ्नी प्रेमिका नानिचा नाम गरेकी युवतीलाई कुमारीको रथ यात्रा देखाउन हेतु नै इन्द्रजात्राको अन्तिम दिन यस क्षेत्रमा कुमारी रथ यात्रा गराइएको हो । नानिचा नामको महिलाको नाममा कुमारीको रथ यात्रा हुने भएकाले नै यस दिनलाई 'नानिचा या' भनिएको हो (वज्राचार्य, २०५७, पृ.१०३) । इन्द्रजात्राको अवसरमा इन्द्रचोकमा आकाश भैरव राखिन्छ । यसको अगाडि इन्द्रको मूतिलाई राखिदा इन्द्रचोक खलकका राजोपाध्यायहरूले पूजा गर्छन् ।

**ग्वंगमल: (पून्चलि भुजा) जात्रा :**

असोज कृष्ण प्रतिप्रदाको दिन ललितपुरको पूर्णचण्डी (सिद्धिलक्ष्मी) देवीको मन्दिर परिसरमा ग्वंगमल: (पून्चलि भुजा) जात्रा हुन्छ । पाटनको इन्द्रजात्रा अन्तर्गत पूर्णचण्डीमा पूर्णचण्डी भूजा जात्रा तथा प्रदर्शनीका साथसाथै पूर्णचण्डी देवीको खट यात्रा पनि हुने गर्छ । मन्दिर परिसरमा शिखर आकारमा १२ वटा भातको ठूलो ठूलो ग्व:जा: बनाइ प्रदर्शनमा राखिन्छ । यसैलाई कसैले पुन्चली भुजा भन्ने गर्छन् । कोही भात देवताको साथमा विभिन्न नामले समेत चिन्ने गरिन्छ । एउटा भुजाको लागि नै ६ पाथी चामल आवश्यक पर्छ । पाथी चामलबाट पकाइएको भातबाट शिखर वा गजुर आकारमा ग्व:जा: बनाईन्छ ।

त्यसको माथि माछा, मासु, तथा बिभिन्न तरकारीहरू उसिनेर नुन, बेसार र जीरामा मात्र मोलेर सजाउने गरिन्छ। भुजा बनाउनेहरूले बिहानै स्नान तथा नित्यकर्म गरी, निराहार रही, चोखो भई भुजा बनाउने गर्दछन् । ती भुजाहरू ललितुपरका राजोपाध्याय ब्राह्मण र गाबहालका अमात्यबाट पनि राख्ने गरिन्छ । कुम्भेश्वर पूजारी, पूर्णचण्डी पूजारी, कृष्ण मन्दिर पूजारी राजोपाध्याय र गाबहा छैंका अमात्यहरूको बाट दुई-दुई वटा र तलेजु पूजारी खलकबाट ४ वटा भुजा राख्ने चलन रहँदै आएको छ ।

यस १२ वटा भुजालाई १२ महिनाको प्रतिकको रूपमा लिइन्छ । त्यही १२ वटा भुजाको अगाडि ग्वंगमल: लेखी त्यसमाथि मल: मरि (बिशेष किसिमको रोटी), कल्यामरी, पुरी, केरा, दहि आदि राखी पूजा गर्ने गरिन्छ । पूर्णचण्डी मन्दिरमा ग्वंगमलको पूजा गर्नाले पूर्णचण्डीमा चट्यांग नपर्ने जनविश्वास छ। यसै दिन बेलुका सिद्धिलक्ष्मी देवीको प्रतिमालाई मण्डिछैँ, बकनिम्ह र वलानिम्ह कवलमध्ये पालोवालाको घरवाट ल्याई मन्दिरको गर्भगृहमा राखिन्छ । तान्त्रिक विधिवाट छाग (बोका) बलिसहित सिद्धिलक्ष्मी देवीको पूजा हुन्छ । कृष्ण द्वितियाको दिन भुजालाई विधिवत रूपमा विर्सजन गरि बेलुका देवीको प्रतिमालाई फर्काइएपछि यो जात्रा सम्पन्न हुन्छ ।

**दशैं (मोहनी) :**

नेपाली समाजमा परम्परागत रूपमा मनाइने दशै हो । दशैं चाडका दुई पक्ष छन् । आश्विन शुक्ल पक्षमा मनाइने दशैलाई वडा दशैं पनि भनिन्छ । नेपालमा तन्त्रयानको प्रादुर्भावसँगसँगै प्राचीन कालेदखि दशै मनाएको विश्वास छ । सिम्रौनगढ राज्यका कर्णाटवंशी राजा हरिसिंह देव तुलजा भवानीलाई लिएर काठमाडौं उपत्यकामा प्रवेश गरेपछि यहाँ दशैंलाई यही रूपमा मनाउन थालेको विश्वास छ (आचार्य, २०७६, पृ.२५७) । दशैं हिन्दुमार्गी, बौद्धमार्गी तथा शैवमार्गीहरूले महान चाडको रूपमा लिन्छन् । नेवार समुदायले यस चाडलाई मोहनीको रूपमा लिने गर्दछन् । मोहनीलाई खास अर्थपूर्ण संज्ञाको रूपमा लिइन्छ । मोहनीको अर्थ मायाजाल फिजाउने र विभ्रम पैदा गर्ने हो । पशुपतिको नेपाल संवत ५६१ को अभिलेख मोहनीको उल्लेख भएको छ (Regmi, 1966. Part 3. p.60) । शाक्तमतसित आवद्ध दशैंको चर्चा १३–१४ औं शताब्दीमा लेखिएको गोपालराजवंशावलीमा यसको चर्चा छ ।

तत्कालिन मल्ल कालीन समयमा लेखिएका ग्रन्थ तथा ठयासफूमा दशैंलाई मोहनी भनिएको छ (Regmi, 1966. Part 3. p. 22 ) । मोहनी एक प्रकारको कालो टिका हो । नेवार समुदायमा वैदिक र आगमन (तन्त्र) विधिले दशैंमा पूजा हुन्छ । दशैको पहिलो दिन (आश्विन शुक्ल प्रतिपदा) सामान्य बोलिचाली भाषामा घटस्थापना भनिन्छ । नेपाल भाषामा यसलाई 'न:ला स्वनेगु भनिन्छ । घरका सदस्यबाहेक अन्य पूजा कोठामा जान मिल्दैन । आगमघर वा पूजा कोठामा विधि पूर्वक कलश स्थापना गरी जौ छरेर जमरा राख्ने र देवी भगवतीको पूजा उपासना गरिन्छ । यसै कारण यस दिनलाई 'नल्ला स्वनेगु' भनिएको हो (श्रेष्ठ, २०७७, पृ.२८८) ।

**फुलपाती :**

दशैंको छैटो दिनसम्म सामान्य पूजा हुन्छ । आश्विन शुक्ल सप्तमीको दिनलाई फुलपाती भनिन्छ । यस दिन आगम वा पूजा कोठामा देवीलाई विभिन्न खाद्यवस्तुहरू, मासं, मद्य, भटमास, फुल, उखु र अदुवाआदि चढाइन्छ (श्रेष्ठ, २०७७, पृ.२९०) । दशैंको सातौं दिन घर-घरमा दुर्गा भवानीलाई विराजमान गराइन । नेपाल भाषामा यसलाई 'द्य: कुहाँ विज्याकेगु' भनिन्छ । यसको अर्थ देवतालाई तल ल्याउने हो । यस दिन काठमाडौं उपत्यकाका तलेजुमा तुलजा भवानीलाई दशैं घरमा तल ल्याउने काम हुन्छ । पाटन

दरबारको तुलजा (तलेजु) भवानीलाई मंगलबजारको मूलचोकमा अवस्थित दशैं घरमा विराजमान राखिन्छ । पाटनको वकनिम्ह कवलका राजोपाध्याय ब्राह्मणद्वारा देवीलाई गर्भगृहवाट निकालि खड्गसहित तल ल्याएर दशैं घरमा राखिन्छ । भक्तपुरको तलेजु भवानीको मूर्तिलाई मुल पूजारी राजोपाध्याय बाह्मणले नै बोकी मूलचोकमा राख्छन् यसैगरी, काठमाडौंको तलेजुमा पनि तलेजु भवानीलाई हनुमान ढोकाको मूलचोकस्थित दशैं घरमा राख्ने चलन छ । काठमाडौंको तलेजुमा भुजाहारी राजोपाध्याय ब्राम्हणले खड्ग र ढाल बोकेका हुन्छन् ।

**महाअस्टमी (कूछि भ्वय्) :**

महाअस्टमीको दिन बिहान जमरा राखेको पूजा कोठामा खड्ग, छुरा र ढालआदि हातहतियारको पूजा हुन्छ । दुर्गा भवानीलाई 'क्वखा' रातो र सेतो मिसिएको कपडा चढाइन्छ । घरको कुल अनुसार आगम र वैदिक अनुसार पुजा हुन्छ । अठार भूजा भएकी दुर्गा भवानीलाई डमरु, शंख र घन्टा बजाएर आह्वान हुन्छ । अष्टमी र नवमी तिथिको मध्य रातमा कालरात्री पूजा हुन्छ । धेरै रात्रीमध्ये शिवरात्री, मोहरात्री, सुखरात्री र कालरात्री गरी चार वटा विशेष छन् । देवी दुर्गा भवानीले महिषासुरमाथि विजय प्राप्त गरेको दिनलाई कालरात्री भनिएको छ (कायस्थ, २०७९, पृ.१२८) । अस्टमीको दिन अनुसार बलि दिने चलन छ । सात्विक बलि दिनेले घिरौला, कुभिण्डो, नरिवल र वेल आदिको वलि दिने गर्छन् । तामासी अनुरूप वोका, राँगो र हाँस आदिको वलि दिन्छन् (आचार्य, २०७६, पृ.२५५) ।

नेवार समुदायमा यो दिन राति भोज खानेलाई कूछि भ्वय् भनिन्छ । एकथरीअनुसार कुछीको अर्थ दुई माना र भ्वय् अर्थ भोजलाई जनाउँछ । दुई माना चिउरा राखेर खाने भएकोले यस भोजको नाम कुछी भ्वय् रहन गएको हो (श्रेष्ठ, २०७६, पृ.२९१) । सबै एक ठाउँमा भेला भएर खाने भोज भएकाले कुलछी भ्वय्का रूपमा लिइएको छ । कुछी भ्वय खान तरकारीका परिकारमात्रै १२ थरी चाहिन्छ (वज्राचार्य, ने.सं ११२०, पृ.१२५) । कुछी भ्वय खान केराको पातमा दुई माना चिउराका साथै साग, आलु, छोयला, हिकासा (रक्ती), बारा, अण्डा, माछा, फर्सी, ख्यपी च्यपी (काँचो फर्सीका ससाना दुईथरी चाना), अदुवा, बोडी, केराउ, मस्याङ, घिराँला, भटमासलगायतका परिकार राखेर कुछी भ्वय खाने प्रचलन रहेको छ ।

**महानवमी :**

दशौंको नवौं दिनलाई महानवमी भनिन्छ । नेवार समुदायमा यसलाई 'स्याक्व त्याक्वः भनिन्छ । यसको अर्थ हो, जति बलि दिन सक्यो त्यति नै फाइदा हुने दिन मानिन्छ । हेमाद्रिग्रन्थ अनुसार देवीलाई प्रसन्न पार्न दिँदा कुनै पनि पाप लाग्दैन । यी सवै दोषबाट मुक्त पाउनका लागि नै बलि दिइने परम्परा चलेको देखिन्छ (सनाढ्य, सन् १९८४, पृ.१४६,) । राजोपाध्याय भित्र केवल हाँस वा वोकाको मात्र बलि दिइन्छ । महानवमीको राती नेवार समुदायमा भोज खानेलाई 'सिः का भ्वय्' र सिः लिने पनि भन्छन् । देवीलाई बलि दिएको पशुको पुच्छरसहित शिरका अंगहरू ग्रहण गर्नेलाई सिःका भनिएको हो । यसमा आँखा, कान, जिब्रो, चिउँदो, थुतुनोलाई मासुको विशेष परिकारलाई 'सिः' भनिन्छ (श्रेष्ठ, २०७९, पृ.

२९२) । भक्तपुरका राजोपाध्याय भित्र सिका: भ्वय् खाने परम्परा यथावत् नै रहेको छ । यसको तुलनामा काठमाडौं र ललितपुरमा विस्तारै यो लोप हुँदै गइरहेको देखिन्छ ।

**दशमी :**

जमरा प्रतिष्ठा गरेको दशौँ दिनलाई दशमी भनिन्छ । दशैंको दसौँ दिनमा स्थापना गरेको कलशबाट जल अभिषेक लिएर आर्शिवाद लिइन्छ । नेवार समुदायमा यस दिनलाई स्वाँ क्वकायेगु वा चालँ क्वकायगु भनिन्छ । नवमीको दिनमा पूजा गरिएको विभिन्न हातहतियार पुन: पूजा गरी पूजाकोठाबाट झिक्नुलाई चालँ क्वकायेगु भनिन्छ (कायस्थ, २०७९, पृ.१२८) । जेष्ठ सदस्यले अरूलाई सदस्यलाई निधारमा सिन्दुर र मोहनी कालो टिका लगाइदिन्छन् । रातो वा सेतो कपडा जसलाई क्वखा भनिन्छ । सबै सदस्यहरूले घाटीमा यो लगाउँछन् । भनिन्छ, कालो टिका थापेको (मोहनी) जति गाढा हुन्छ, त्यस बर्ष धनलाभ, मान सम्मान पाउँछन् । यदि मोहनी धुवाँ समान भए परिवारमा कलह र कार्यमा बाधा आउने संभावना हुन्छ । यदि मोहनी आधा कालो धुवाँ समान रंगको भए, त्यस बर्ष काम बन्ने तर पछि बीचमा विग्रने सम्भावना हुन्छ ।

**यम पञ्चक (तिहार) :**

नेवार समुदायमा दशै सकेको १५ दिनपछि आउने अर्को महत्त्वपूर्ण चाड तिहार हो । यसलाई यम पञ्चक वा स्वन्ति नख: भनिन्छ । यो चाड स्वाति नक्षात्रमा पर्छ । प्रत्येक बर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्बितियासम्म यो चाड भव्यका साथ मनाइन्छ । यसको पाँच दिन मृत्युका देवता यमराजसमेत आफ्नी बहिनी यमुनाकहाँ बस्न गएकाले यसलाई यम पञ्चक भनिएको हो । तिहारमा मुख्य गरी काज पूजा (क्व:), कुकुर (खिचा), लक्ष्मी पूजा (लछिं), म्ह: पूजा र भाई टिका (किजा) पूजाग री पाँच दिन धुमधामका साथ मनाउने परम्परा रहँदै आएको छ । काग तिहार देखि यम पञ्चक सुरु भए पनि वास्तवमा मल्ल कालिन तिहारका मुख्य चाड भनेको लक्ष्मी पूजा, म्ह: पूजा र भाई टिका (किजा पूजा) गरी तीन दिन मात्र हो (Regmi, 1961. Part 3. p.126) ।

**म्ह: पूजा :**

नेवार समुदायमा कात्तिक शुक्ल प्रतिपदाको वेलुका म्ह: पूजा हुन्छ । नेपाल भाषामा म्ह: को अर्थ शरीर हो । शरीरलाई पूजा गर्ने भएको कारणले यस दिनलाई म्ह: पूजा वा आत्म पूजा भनिएको हो । यसलाई आत्म वा म स्वयम बुझाउँछ । यसैकारण म्ह: पूजालाई आत्म पूजा वा स्व पूजा भनिएको हो । वर्षको एकपटक आफ्नो शरीरको पूजा गरी आत्मा सन्तुष्ट पार्नका लागि यो प्रथा चलिआएको हो । नेवार समुदायमा आत्म वा म्ह: पूजा बर्षको एक दिन गरिन्छ । म्ह पूजाको गर्नुको अर्को दार्शनिक पक्ष यस्तो देखिन्छ । यस दिन आफ्नो शरीर पूजा गर्दा वर्ष भरी राम्रो भइरहोस, कहिले नराम्रो बास शरीरमा नपरोस र सधै उन्नति रहोस भन्ने भावनाका साथ पूजा गरिन्छ (जोशी, ने.सं ११९९, पृ.११) । आत्मा विना शरीरको केही पनि अर्थ रहँदैन । शरीर विना आत्माको सार्थकता पनि हुँदैन ।

भौतिक र आध्यात्मिकवादी अनुसारै म्ह पूजाको अर्थ्याउन सकिन्छ । हाम्रो शरीरलाई उर्जा प्रदान गर्न कार्तिक शुक्ल प्रतिपदामा अण्डा, रक्सी वा दही, वारा, मास र आदिका साथ सुगुन लिई शरीरको पूजा हुन्छ । म्ह पूजाको दिन लिइने पाँच किसिमको सगुनलाई पञ्चमहाभूतबाट बनेको हाम्रो शरीरको सधै रक्षा गरि रहने विश्वास छ । हाम्रो शरीर पाँच तत्वले बनेको हुन्छ । उसिनेको अण्डलाई आकाश, बारालाई बायु, मासुलाई पृथ्वी, माछालाई जल र रक्सी वा दहीलाई तेज तत्वको रूपमा लिने चलन छ (मित्र, ने.सं ११३६, पृ.७६) । म्हःपूजा नेवार समुदाय भित्र रहेको देखिन्छ । घरको नियम अनुसार विशेष प्रकारको मण्डप बनाइन्छ । मण्डलमा पाँच स्थानमा धान राख्नु पर्छ । म्हः पूजाको अवसरमा धान, खल, कुचो, नाङ्लो र कलश स्थापन्न गरिन्छ । धानलाई लक्ष्मी, खललाई कुमार, कुचोलाई ब्रह्म, नाङ्लोलाई महादेव र कशललाई पवित्रको प्रतिकात्मक रूपमा स्थापन्न गरिन्छ । मण्डलको बीचमा पाँच स्थानमा राखिने धानलाई पाँच तत्वका रूपमा लिने गरिन्छ । बौद्ध धर्मावलम्बीले पञ्च ध्यानी शुद्ध र हिन्दुहरूले पाञ्चायन देवताका रूपमा लिने गरेका छन् (Tucci, 1961. p.55) ।

मण्डलको लेख्ने काम सकेपछि घरको मुली (थकाली नकी) ले कलश, धान, खल, नाङ्लो र कुचोको पूजा गर्छिन् । त्यसपछि लहरै जेष्ठ क्रम अनुसार लहरै पूर्व फर्केर बस्छन् । काठमाडौं उपत्यका भित्र रहेका राजोपाध्यायहरूले आफ्नो कुल अनुसारै मण्डल र म्ह पूजा गर्छन् । काठमाडौंको मखनमा विजयश्वरी, इन्द्रचोकमा आकाश भैरव, पाटनमा कुमारी र भक्तपुरमा भैरवको नाममा मण्डल राखिन्छ । पाटनको गाः वहाल, स्वठ र भक्तपुरको थिमीमा रहेका केही खलकले म्हः पूजा नगर्ने चलन रहेको पाइन्छ ।

यसैगरी, आगम घरमा पूजा गर्ने खलक, ललितपुर र भक्तपुरका मुल पूजारी राजोपाध्यायहरूले घरमा म्ह पूजा गर्दैनन । उनीहरूले यसदिन तलेजु भवानीमै म्ह पूजा त्यही गर्छन् (स्थलगत अध्ययन) । नेवार समुदायमा अन्नप्रासन सकेको छोरा वा छोरीलाई समेत म्ह पूजा गर्ने मण्डलमा समावेश गराइन्छ । यो संस्कार नसक्दासम्म म्ह पूजामा समावेश गराइदैन । म्ह पूजाको विहान कार्तिक शुक्ल प्रतिपदाको दिन गोबर्धन पूजा हुन्छ । यसै दिन नेवार समुदायले धुमधामका साथ नयाँ बर्ष अर्थात नेपाल संवत् मनाइन्छ

**भाइटिका :**

यम पञ्चकको अन्तिम दिन दाजुभाई र दिदीबहिनीहरूबीचको आपसी मेललाई सुदृढ राख्ने उद्देश्यले भाईपूजा गरिन्छ । नेपाल भाषामा यसलाई किजा पूजा भनिन्छ । भाई वा दाजुको चिरायूको कामना गर्दै दिदी वा बहिनीले पूजा गर्छिन् । ब्रतराज ग्रन्थमा यस दिन मृत्युको देवतासमेत आफ्नी बहिनी यमुनाको घरमा गई भातृपूजा गरेको पौराणिक आख्यान पाइन्छ (जोशी, २०६०, पृ.१४५) । यस दिन दिदी वा बहिनीले माइतमा दाजू वा भाईलाई पूजा गर्छन् । यमुनाले आफ्ना भाई यमराजलाई पाँच दिन आफ्नै घरमा राखेकी थिइन् ।

यसबाट धेरै खुसी भएपछि यमराजले आफ्नी बहिनी यमुनालाई तेलको चिन्ह नसकेसम्म, ओखर नभिजेसम्म, सुपारी फुल नओइलाएसम्म लग्दैनौँ भन्ने वरदान दिएको हुनाले यस दिनलाई भाई टिकाको रूपमा लिने गरिएको हो (राजभण्डारी, ने.सं ११२७, पृ.७६) । अघिल्लो दिनमा जस्तै भाई टिकामा पनि मण्डप बनाउनु पर्छ । दाजु वा भाई मण्डपको पश्चिम बसी पूर्व फर्केर बसेका हुन्छन् । वैदिक विधान अनुसार निधारमा टिका लगाई, धूपबत्ती बाली अभिषेक गर्ने, मखमली फूलको माला लगाइने दिने, फलफूल, मिठाई र सुगन दिएर दिदी र बहिने दिर्घायूको कामनासहित पूजा गर्छन् विवाह गरेको बर्षमा राजोपाध्याय समाजभित्र महिलाले भाइटिकाको अवसरमा न्हूकु लानु पर्छ ।

**सकिमिला पुन्ही :**

नेवार समुदायमा कार्तिक शुक्ल पुर्णिमालाई सकिमिला पुन्हीको रूपमा मनाउन्छ । सकिमिला पूर्णिमा तिहारपछि नेवार समुदायहरूले मनाउने पहिलो चाड हो । सकि भन्नाले 'पिँडालु' र मिलाले 'चन्द्र' लाई बुझाउँछ ।सखर खण्ड, पिँडालु उसिनेर खाने भएकोले सकिमना पुन्ही भनिएको हो । उिसिनेको वनतरुल, पिंडालु र सखरखण्ड पनि देवी देउतालाई चढाउने र खाने गरिन्छ । यो चाड मनाउनुको मुख्य उद्देश्य भनेको हामी स्वस्थ हुन प्रकृतिबाट प्राप्त मौसम अनुसारको अन्न तथा फलफूलहरू ग्रहण गर्नुपर्दछ । जसबाट मानिसहरू स्वस्थ हुन चाहिने भिटामिनहरू प्राप्त होस् भन्ने हेतुले मनाउने गरेको पाइन्छ । धार्मिक मान्यता अनुसार यस भित्र विभिन्न जीवन दर्शनका पक्षहरू पाइन्छ । समय अनुसारको अन्न खाएर पर्व मनाउनुले जीवनलाई सहज रूपमा अगाडि बढाउनुपर्छ भन्ने सन्देश दिन्छ । कोजग्रत पूर्णिमाको दिन राखेको आकास दिप पनि सकिमिला पुन्हीको दिनै निकालिन्छ (राजभण्डारी, ने.सं ११२७, पृ.८०) ।

**कार्तिक नाच :**

ललितपुर राजोपाध्यायहरूको प्रत्येक्ष संलग्नमा कार्तिक नाच हुनछ । कृष्ण मन्दिर पालोले सोही घरका कुनै एक सदस्य नरसिंह बन्छन् । कार्तिक नाच तीन चरणमा विकास भएको देखिन्छ । नेपाल संवत ७५७ मा राजा सिद्धिनरसिंह मल्लले कृष्ण मन्दिरमा कोद्याहुति यज्ञ गरेका थिए (वज्राचार्य, २०५६, पृ. ७४-७८) । मन्दिरको अगाडि डबलीमा प्रत्येक दिन एक-एक नयाँ लीला देखाउने गरी हप्तादिनसम्म कार्तिक नाच चनउाने परम्परा चलाएको विश्वास छ (जोशी, २०७६, पृ.१५) । यसमा सुरदास, सुदामाका नृत्य नाटिका, बराह अवतार र नरसिंह अवतारका शास्त्रीय नृत्यहरू त्यसै बेलादेखि सृजना भए । बि.सं १६९७ मा राजा सिद्धिनरसिंह मल्लका दुई जना गुरु हरिवंश उपाध्याय र विश्वनाथ उपाध्यायको सहयोगमा यो नाच सुरु गरेका हुन् ।

अझ विद्या गुरु हरिवंशकै प्रमुख भूमिकामा कार्तिक नाच सुरु भएको मल्लकालिनको नृपविनोद काब्यमा उल्लेख छ (जोशी, २०७६, पृ.१६) । दोस्रो चरणमा सिद्धिनरसिंहका छोरा श्रीनिवास मल्लले बि.सं १७२३ मा बाठः प्याखः (लोकनाटक) सहित ७ दिन थपेर यसलाई १२ दिनसम्म चलाए । श्रीनिवासका छोरा योगनरेन्द्र मल्लले यसमा अरू उषाहरण र माधवान लीला नाच थपे । यी दुवै नाच नाच्न

थप १५ दिन लाग्छ । यसरी २७ दिन नाच्ने चलन चल्यो । नेपाल संवत ८०७ मा राजा श्रीनिवास मल्लका छोरा योगनरेन्द्र मल्लले पनि कार्तिक नाचमा नयाँ कथाहरू माधवानल ब्राह्मण र उषाहरण समावेश गरेका थिए । तीन पटक पाटनका तीन वटा राजाले आआफ्नो समयमा कथाहरू थप्दै जाँदा यो कार्तिक नाच लगभग एक महिनासम्म चलेको हो ।

नाचको पहिलो चरणमा भगवान विष्णु, दोस्रो चरणमा ऋषिमुनि र तेस्रो चरणमा दैत्य र दानवको उपस्थिति हुन्छन् । नाचको सवैभन्दा रमाइलो पक्ष नै नरसिंह र हिरण्यकश्यपु वध नृत्य हो । नरसिंह त्यहाँ आएपछि डबलीमा नाचगान सुरु हुन्छ । नाचगानकै क्रममा नरसिंहले दैत्यलाई छुन पुग्छन् । नरसिंहले छोएपछि दैत्य मुर्छित हुन्छन् । मुर्छित दैत्यलाई ब्युँफाउन उनका साथीहरूले पाटन मंगलबजार कृष्ण मन्दिर र तलेजु मन्दिरका पुजारीसँग आग्रह गर्छन् ।

पुजारीहरूले कृष्ण मन्दिर अगाडिको ढुंगेधाराको पानीलाई तन्त्र विद्याबाट सोधन गरी खुवाउँछन् ( प्रत्येक्ष अवलोकन) । दैत्य ब्युँताएको भन्दै नरसिंह रिसले चूर भएका हुन्छन् । उनको रिस शान्त पार्न पुजारीहरूले अप्सरा र संगिनीको नाच देखाउँछन् । नाच सकिएपछि लक्ष्मी, सरस्वती, नरसिंह र प्रह्लाद एकै स्थानमा भेला भएर आफ्नो वासस्थानतर्फ हिँडेपछि कथा सकिन्छ । नरसिंह नाच प्रस्तुत गर्दा चरित्र निर्वाह गर्ने पात्रले नाच नसकिउन्जेल निराहार बस्नुपर्छ ।

**यो मरी पुन्ही (धान्य पूर्णिमा ) :**

नेवार समुदायललले मंसिर शुक्ल पूर्णिमामा यो मरी पुन्हीको रूपमा मनाउने गर्छ । यस दिनलाई धान्य पूर्णिमा पनि भनिन्छ । बालक वा बालिका २, ४, ६, ८, १० र १२ बर्ष हुँदा उमेर अनुसार यो मरीको माला लगाइदिने प्रचलनमा छ (कायस्थ, २०७९, पृ.१६७) । भीमरथारोहण (जंको) मा पनि यो मरीबाटै अभिषेक गरिन्छ । यसैगरी, छोरीको गर्भावस्थामा बच्चा जन्मिनु केही समय अगाडि माइतीबाट दही चिउरा खुवाउन जाने चलन छ । माइती कुलको चलन अनुसार यो मरी कति वटा ल्याउनु भन्ने हुन्छ । यसैगरी, नयाँ घर वा मन्दिर बनाउँदा पनि यो मरी खसाल्ने चलन छ । नेवार समुदायमा यो मरीको सांस्कृतिक, धार्मिक र वैज्ञानिक महत्त्व रहेको पाइन्छ ।

यो मरी कलश, स्तुप, शंखाकारको रूपमा बनाईन्छ । धान्य भनेको धानलाई दर्शाउँदछ । असारमा धान रोपेर तिहार वा वालाचतुदर्शीको दिनमा वाली घरमा भित्र्याइन्छ । त्यसदिन धान लिने र दिने काम सकेपछि बाँकी भएको धानलाई कुथी वा भकारीमा संचित गर्ने परम्परा छ । महालक्ष्मीको लक्ष्मीको आठौं रूपलाई धान्यलक्ष्मी पनि भनिन्छ । मार्गशुक्ल पूर्णिमामा चामल वा धान राख्ने भकारीमा गणेश, कुवेर तथा लक्ष्मी (अन्नपूर्ण) लाई पूजा गरी चार दिनसम्म राखिँदा पूजा गरेमा वर्षभरि धन सम्पत्ति र अन्नमा स्थिर हुने छ (श्रेष्ठ, २०७८, पृ.२४७) ।

चाकु, कालो तिल तथा चामलको पिठोकमे यो मरी बनाउनु पर्छ । चामलको पिठो (सेतो), चाकु (रातो) तथा तिल (कालो) अर्थात सत्व, रजो तथा तम गुणको प्रतिक हो । सत्व गुण भनेको सेतो हो ।

रजोगुण रातो तथा तमोगुण भनेको कालोको बोध हुन्छ । रजो र तमो गुणलाई सत्व गुणले छोप्दछ भनिन्छ । ठिक त्यसैगरी यो मरीको वाहिरी चामलको सेतो पिठोले भित्रको चाकु (रातो) र तिल (कालो) लाई छोप्दछ पनि । राजोपाध्याय समुदायमा भकारीभित्र 'मायोवायो' भनी विभिन्न प्रकारका पिठोको मूर्ति बनाई 'कु पूजा गरिन्छ । यो चार दिनपछि निकाल्ने चलन छ । काठमाडौं उपत्यकामा वसोवास गने राजोपाध्यायमध्ये ललितपुरको पिंवहाल, पटको तथा स्वठ तथा काठमाडौंको मखन खलकबीचमा यो मरी पकाउनु नहुने चलन छ।

**पाहाँ चह्रे :**

नेवार समुदायमा पिशाच चर्तदर्शीदेखि तीन दिनसम्म पाहाँ चह्रे मनाउने चलन छ । नेपाल भाषामा 'पाहाँ' को अर्थ पाहुना र चह्रे भनेको चर्तुदशी हो । 'पाहाँ चह्रे' को पहिलो दिन साँझ भष्मासुरको डरले लुकेर बसेको महादेवको पूजा हुन्छ । नेपाल भाषामा लुकु महाद्य: भनिन्छ । यो बर्षमा एकपटक मात्र खोलिन्छ । महादेव पूजामा लसुन, भटमास, माछा, छ्वयला, चिउरा राखेर समयबजी चढाउनु पर्छ । लुकुमाद्य:लाई प्रतिकात्मक रूपमा सुनको फूल र चाँदीको फूल पनि चढाइन्छ । सुनको फूल भनेर तोरीको फूल र चाँदीको फूल भनी मुलाको फूल चढाउने गरिन्छ । पाहाँचऱ्हेको दोस्रो दिन घोडा जात्रामा टोलटोलपिच्छे बालबालिकाहरूलाई 'मर:जा' खुवाउने परम्परा छ । 'मर:जा' खुवाउँदा व्रतबन्ध र बेलविवाह नगरेका सानासाना बालबालिकाहरूलाई खुवाउने गरिन्छ । 'मर:जा' खुवाएपछि बालबालिकाहरूलाई भुतप्रेतले नछुने र अनेकौं रोग लाग्नबाट बचाउँछ भन्ने विश्वास छ (जोशी, ने.सं ११३५, पृ.५९) ।

**विस्केट जात्रा :**

भक्तपुरको ठूलो जात्रा नै बिस्केट हो । यो चैत्र मसान्त तथा वैशाख संक्रान्ति गरी दुई दिन गरी मनाइन्थ्यो । मल्लराजा भूपतीन्द्र मल्लले भैरव र भद्रकालीका रथलाई जात्रामा समावेस गरी आठ रात र नौ दिन गरी विस्केट जात्रा मनाउने सुरुवात गरे (मुनंकर्मी, २०५३, पृ.५०) । बिस्केट जात्रालाई 'बिसिका' भनिन्छ । 'वि' को अर्थ सर्प र सिका भनेको मरेपछिलाई जनाउँछ । यसलाई बिस्यात (लामो काठको लिंगो), बिसिख्याट (सर्प भएको लिंगो समेत भनिन्छ । भक्तपुरको बिस्केटजात्रा सौर्यमान हुन्छ । लिंगो ठड्याउनु पाँचदिनअघि टौमढीमा भैरव भद्रकालीको रथ तानेर जात्रा सुरु हुन्छ । चैत्र महिना ३१ दिनको छ भने भैरवनाथको रथ चैत्रको २८ गते तल ल्याउछ । वैशाख ५ मा देवता माथि सवार हुन्छ । विस्केट जात्राको अन्तिम दिन भैरव भद्रकालीको रथ गाहिटीबाट तानिन्छ । भक्तपुरमा चैत्र मसान्तमा दुई स्थानमा लिंगो उठाइन्छ । बोलाछें टोलस्थित कुमाले टोलमा चैत्र मसान्तको दिनमा लिंगो उठाएर पाँच रात ६ दिनसम्म ठड्याएर बैशाख ५ गतेको दिनमा विर्सजन गरिन्छ ।

बिस्केट जात्रामा भक्तपुरको तलेजुका पुजारी राजोपाध्याय खलकको संलग्नता छ । लिंगो उभ्याउने चार दिन र लिंगो ढालेको चारदिनपछि तानिने भैरवको रथ तान्नुअघि रापोपाध्याय ब्राह्मणले मल्लराजाको तरवार समातेर आउने गर्दछन् । यो तरवार (खड्ग) विना रथ तानिनु नहुने चलन रहेको छ । भैरवको रथमा खड्ग समातेका राजोपाध्याय ब्राह्मण बस्नु पर्दछ ।

**रातो मच्छिन्द्रनाथ जात्रा :**

रातो मच्छिन्द्रनाथको जात्रा लामोसमयसम्म चल्ने गर्छ । वैशाखशुक्ल प्रतिपदाबाट जात्रा सुरु हुन्छ । पुल्चोकबाट सुरु हुने मच्छिन्द्रनाथको रथ भोटो देखाउँदासम्म दुई-तीन महिना लाग्छ । १२ बर्षको जात्रा हुदाँ बुंगमतीबाट रथ ल्याएर ललितपुर सहरको परिक्रमापछि पुनः बुंगमति लगेर विर्सजन हुन्छ । शैवहरूले शिवकै रूपमा, वैष्णवहरूले विष्णुको रूपमा, सौर्यहरूले सूर्यका दृष्टिले, नाथहरूले मत्स्येन्द्रनाथकै रूपमा हेर्ने गर्दछन् (जोशी, २०७९, पृ.८२) ।

बौद्धमार्गीहरूले मच्छिन्द्रनाथलाई आर्यवलोकितेश्वरको रूपमा लिन्छन् । लिच्छविकालका राजा नरेन्द्रदेवको पालादेखि सेतो र रातो मच्छिन्द्रनाथको जात्रा सुरु भएको मानिन्छ (लेभी, सन् २०२०, भाग १, पृ. २१९) । चैत्रशुक्ल पूर्णिमाको दिन मच्छिन्द्रनाथलाई खट्जात्रा गरी ललितपुरको तबहालको मन्दिरबाट लगनखेल पुऱ्याइन्छ । रातो मच्छिन्द्रनाथको महास्नान गरेको दुईसातापछि वैशाखशुक्ल प्रतिपदाको दिनमा तबहालबाट पुल्चोकमा बनाइएको रथमा राखिन्छ । रथमा राखेको चार दिनपछि रातो मच्छिन्द्रनाथ रथजात्रा सुरु हुन्छ । रातो मच्छिन्द्रनाथको जात्रामा ललितपुरको महाद्योननि राजोपाध्याय खलकका सदस्यहरूको संलग्नता हुन्छ । प्रत्येक १२/१२ बर्षमा रातो मच्छिन्द्रनाथलाई वुंगमतीबाट ल्याउँदा पनि रथको अग्रभागमा यसै राजोपाध्याय खलकका एक जना सदस्य वस्दछन् । रातो मच्छिन्द्रनाथको रथ कुमारीपाटीमा पुऱ्याइदा भक्तपुरका राजोपाध्याहरूले पत्र पढने परम्परा छ ।

**निष्कर्ष**

काठमाडौं उपत्यकाको दरवार स्क्वायर परिसर भित्र केन्द्रित वसोबास गर्ने राजोपाध्यायहरूले मुलतः मल्लकालमा विकास भएका जात्रापर्व र उत्सवहरूलाई वर्ष भरी मनाएको देखिन्छन् । मल्ल राजाहरूको मुलपूरोहितको दर्जा पाएको उपत्यका भित्रका राजोपाध्यायहरूले मनाउने केही-केही जात्रा र उत्सव फरक देखिन्छ । कतिपय स्थान अनुसार उनीहरूले फरक किसिमले जात्रा, पर्व र उत्सव मनाउने गरेका छन् । काठमाडौं र भक्तपुरको तलेजु भवानी तथा विभिन्न जात्रामा यिनीहरूको उपस्थिति अनिवार्य मनिएको छ । जनैपूर्णिमाका तीन तीन वटै सहरका राजोपाध्यायहरूले आआफ्नो क्षेत्रअनुसार कार्य गर्छन् । दशैमा भक्तपुर र ललितपुरका तलेजु भवानीको पूजामा यिनीहरूको प्रमुख संलग्नता छ । यसबाहेक पनि राजोपाध्यायहरूले वर्ष वरी मनाउने जात्राहरूको बारेमा अझ अध्ययन र अनुसन्धान हुनुपर्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**

**अंग्रेजी**

Petech, L. (1958). *Mediaeval History of Nepal*. Istituto Italiano per IL medio ed etremo oriente.
Shakya, M.R. (2006). Ganesh in Medieval Npela**.** *Rupa. CO.*
Regmi, D.R. (1965-66). *Medieval Nepal,* First & Third part. K.l Mukhopadhyay.

### नेपाली पुस्तक


आचार्य, चेतोनाथ शर्मा (२०७६), *हाम्रा धार्मिक चाडपर्व,* रत्न पुस्तक भण्डार ।

कायस्थ, बलराम (२०७७), *नेवार समाजको इतिहास र संस्कृति,* रत्न पुस्तक भण्डार ।

कायस्थ, बलराम (२०७९), *भक्तपुरका चाडपर्व-जात्राउत्सव,* स्वदेश प्रकाशन प्रालि ।

कायस्थ, वीरेन्द्रप्रसाद (२०७९), *मल्लकालिन संस्कृति र चाडपर्व,* श्रीमती विष्णुमैयाँ कायस्थ ।

जोशी, सत्यमोहन (२०३९), *नेपाली चाडपर्व,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

जोशी, सत्यमोहन (ने.सं ११९९), *म्ह पुजा,* लोक साहित्य परिषद् ।

जोशी, सत्यमोहन (२०७६), *ललितपुर र कार्तिक नाचको पृष्ठभूमि,* ललितपुर महानगरपालिका ।

जोशी, हरिराम (२०६०), *नेपालका चाडपर्व,* जोशी रिसर्च इन्स्टिन्युट ।

जोशी, राजनलाल (ने.सं ११३५), *नेवा: समाजय् द्य:ला,* सोसाइटी फर नेवा स्टडिज ।

पौड्याल, वीणा, शर्मा, डिल्लीराज र पोखरेल गोपाल (२०७४), *चाडपर्वको घर नेपाल,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

मुनंकर्मी, लीलाभक्त (२०५९), *तुलजा भवानीको था पूजा र पर्वपूजा विधि,* (प्रकाशन नभएको) ।

मुनंकर्मी, लीलाभक्त (२०६२) *बिस्केट जात्राको संस्कृति,* भक्तपुर नगरपालिका ।

वज्राचार्य, मनवज्र (२०२५), *नेपाली चाडपर्वहरूको विवेचना,* रत्नपुस्तक भण्डार ।

वज्राचार्य धनवज्र र मल्ल कमलप्रकास (सन् १९८५), *गोपालराजवंशावली,* नेपाल रिसर्च सेन्टर ।

श्रेष्ठ, तुलसी नारायण (२०६६), *नेपालका नेवारहरू पहिचान र पृष्ठभूमि,* रत्नपुस्तक भण्डार ।

श्रेष्ठ, तेजप्रकाश (२०७६), *नेपालमा जात्रा,* स्वदेश प्रकासन प्रा.लि ।

श्रेष्ठ, कल्पना (२०७७), *काठमाडौंको सांस्कृतिक परम्परा,* पल्लव प्रकाशन ।

श्रेष्ठ, पद्‌म (ने.सं ११२३), *नेपाल जात्रा संस्कृति,* प्रिन्ट स्काई ।

श्रेष्ठ, रेवतीरमणानन्द (ने.सं ११२१) नेवा: साहित्य मूलुखा: ।

मिश्र, जयशंकर (प्रकासन मिती नभएको), *प्राचीन भारतका सामाजिक इतिहास,* हिन्दीग्रन्थ अकादमी ।

लेभी, सिल्भाँ (सन् २०२०), *नेपाल, हिन्दू अधिराज्यको इतिहास* (पहिलो खण्ड, आठौँ संस्करण), डिल्लीराज उप्रेत्ती (अनुवादक) हिमाल किताव ।